राजविराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी

प्रदेश नं. २, नेपाल

प.स. २०७५/०७६
च.नं. 9645

# सूचना ! सूचना !! सूचना !!!

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सबै स्थानीय तहको लागि रोजगार संयोजक करार सेवामा छनौट गर्ने भएकोले यसै सूचना साथ संलग्न सूचना बमोजिम आवेदन दिन ईच्छुक सबैमा यो सूचना जानकारीका लागि अनुरोध छ ।

थप जानकारीको लागि तलको लिंकहरुबाट जानकारी लिन सकिनेछ ।
http://www.pmep.gov.np/uploads/VacancyAnnouncement.pdf
http://www.pmep.gov.np/applications

..............................
राजेश कुमार राज
नि. प्रमुख प्रशासकीय अधिकृत

राजेश कुमार राज
नि.प्रमुख प्रशासकीय अधिकृत

## रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

नेपाल सरकारले मुलुकको ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न निम्नानुसारका **रोजगार संयोजक**को सेवा करारमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (**२०७५ माघ ४ गते बिहान १०.०० बजेदेखि २०७५ माघ १८ गते दिनको ५.०० बजेसम्म**)

प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मार्फत अनलाईन दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**पद तथा दरबन्दीको विवरण**

| क्र.सं | प्रदेश | रा.प.तृतीय श्रेणी (शाखा अधिकृत सरह) | रा.प.अनं. प्रथम श्रेणी (नायब सुव्वा सरह) | कूलजम्मा |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | १३० | ७ | १३७ |
| २ | प्रदेश नं. २ | १३६ | – | १३६ |
| ३ | प्रदेश नं. ३ | ११२ | ७ | ११९ |
| ४ | गण्डकी प्रदेश | ७४ | ११ | ८५ |
| ५ | प्रदेश नं. ५ | १०९ | – | १०९ |
| ६ | कर्णाली प्रदेश | ६२ | १७ | ७९ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८२ | ६ | ८८ |
| | **जम्मा** | **७०५ जना** | **४८ जना** | **७५३ जना** |

**सेवा अवधि:** निर्युक्ति भएको मितिबाट १ वर्ष

**न्यूनतम योग्यता:**

(क) राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत सरह) को रोजगार संयोजकका लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी, ( नायब सुब्बा सरह) को रोजगार संयोजकका लागि कम्तीमा प्रवीणता प्रमाण पत्रतहवा सो सरह उतीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

(घ) कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको,

१. देवनागरी र अंग्रेजीमा दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने ।

२. Computer, Printer, Scanner, Multimediaलगायत उपकरणहरुको प्रयोग गर्न सक्ने सीप भएको ।
३. MS-Office Package (Word, Excel, Access, Power point आदि) को प्रयोग गर्न सक्ने क्षमता भएको ।
४. इमेल इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको ।
५. व्यवस्थापन सूचना प्रणाली(MIS)सम्बन्धी आधारभूत ज्ञान भएको।

अनलाईन दरखास्तसाथअपलोड गर्नु पर्ने कागजातहरु: (१) नागरिकता प्रमाणपत्र (दुबैपट्टि देखिने), (२) पासपोर्ट साइजको फोटो (हालसालै खिचेको), (३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र, (४) न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांकपत्र (उपलब्ध भएमा) र (५) कम्तीमा दुई वर्ष काम गरेको अनुभवको प्रमाणपत्र (उपलब्ध भएमा) ।

## सेवा र सुविधा

रोजगार संयोजकको छनौट प्रकृया, तलब भत्ता तथा अन्यसेवा र सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत रोजगार संयोजकको पदपूर्ति सम्बन्धी मापदण्ड, २०७५ बमोजिम हुनेछ । यो मापदण्ड www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

## दरखास्त फारम भर्नुभन्दा पहिला उम्मेदवारलाई आवश्यक पर्ने कुराहरु

उम्मेदवारको हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटोको डिजिटल प्रति एक वटा (बढीमा ५० kb[200x225 pixels] सम्मको JPEG Format)

*उम्मेदवारको नागिरकताको प्रमाणपत्रको डिजिटल प्रति अगादी पछाडी देखिने एक वटा(बढीमा १०० kb[400x550 pixels] सम्मको JPEG)

* न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र (लब्धाङ्क पत्र ) को डिजिटल प्रति ( बढीमा १५० kbसम्मको JPEG )

* न्युनतम शैक्षिक योग्यताभन्दा एक तह माथिको शैक्षिक योग्यता भएमा सो को प्रमाणपत्र (लब्धाङ्क पत्र) को डिजिटल प्रति ( बढीमा १५० kb [A4 size] सम्मको JPEG )

* कम्तीमा २ वर्ष कार्य गरेको अनुभवको प्रमाणपत्र भएमा सोको डिजिटल प्रति एक ( बढीमा १५० kb [A4 size] सम्मको JPEG )( (यसका लागि एक भन्दा बढी संस्थामा काम गरेको भएमा कम्तीमा २ वर्ष कार्य अनुभव देखिने प्रमाणपत्रहरु स्क्यान गरी एउटै फाइलमा राखे )

## Online फारम भरी आवेदन गर्ने तरिका

* प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा रहेको Application मा Click गरेपछि देखिने शर्तहरु राम्रोसँग पढी बिज्ञापन हुँदाका शर्तहरुमा म सहमत छु भन्ने लिङ्कमा Proceed गर्ने र त्यसपछि देखिने फारममा आफ्नो सम्पूर्ण विवरण भर्ने।

*शाखा अधिकृत सरहको रोजगार संयोजक वा नायव सुब्बा सरहको रोजगार संयोजक कुन पदमा आवदेन गर्ने हो सुरुमै छनौट गर्ने। दुवै पदमा आवेदन दिने भएमा फरक फरक इमेल ठेगाना चाहिने र आवेदन पनि फरक फरक गर्नुपर्ने।

* उम्मेदवारले कुन प्रदेशमा आवेदन गर्ने हो छनौट गर्ने । एकभन्दा बढी प्रदेश छनौट गर्न पाइने छैन ।

* निर्दिष्ट लिङ्कहरुमा गई माग भएको फोटो, नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र एक तह माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र एवंम् अनुभव सम्बन्धी Document Attach गर्ने ।

* आफ्नो सबै विवरण भरिसकेपछि फारमको अन्तिममा रहेको Log In Detail मा माग भएको विवरण इमेल ठेगाना र आवेदन प्रक्रियामा भविष्यमा प्रयोग गर्ने प्रयोजनका लागि छुट्टै Password प्रविष्ट गर्ने।

* सबै विवरण भरिसकेपछि फारमको अन्तिममा रहेको Save लिङ्कमा Click गर्ने।

*Save गरीसकेपछि email verification गर्ने ।